बैठक नं. १४ :

आज मिति २०७४ साल पौष २४ गते अर्जुनधारा नगरपालिका, नगरकार्यपालिका को बैठक श्रीमान नगरप्रमुख हरिकुमार रानाज्यूको अध्यक्षतामा देहाय उपस्थिती मा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो।

उपस्थिती

१. नगरप्रमुख, श्री हरिकुमार राना, अध्यक्ष
२. नगर उपप्रमुख, श्री कमला खतिवडा आचार्य, सदस्य
३. वडाध्यक्ष, श्री गजाधर खतिवडा, सदस्य
४. वडाध्यक्ष, श्री रघुनाथ खनाल, सदस्य
५. वडाध्यक्ष, श्री दुर्गाप्रसाद दाहाल, सदस्य
६. वडाध्यक्ष, श्री ध्यान बहादुर भारती, सदस्य
७. वडाध्यक्ष, श्री लोकनाथ गौतम, सदस्य
८. वडाध्यक्ष, श्री नवराम ढुङ्गाना, सदस्य
९. वडाध्यक्ष, श्री गोपीचन्द्र गौतम, सदस्य
१०. वडाध्यक्ष, श्री पुष्पकुमार प्रसाई, सदस्य
११. वडाध्यक्ष, श्री वलदेवसिंह गोम्देन, सदस्य
१२. वडाध्यक्ष, श्री भैरबबहादुर खड्का, सदस्य
१३. न.स.स., श्री शारदाकुमारी भट्टराई, सदस्य
१४. न.स.स. श्री दिलमाया शिवा, सदस्य
१५. न.स.स. श्री हरिमाया भण्डारी, सदस्य
१६. न.स.स. श्री शकुन्तला बराल, सदस्य
१७. न.स.स. श्री लक्ष्मी तामाङ्ग, सदस्य
१८. न.स.स. श्री रिवनामान दर्जी, सदस्य
१९. न.स.स. श्री दिलिप गुरुङ्ग, सदस्य
२०. न.स.स. श्री रमेशकुमार दर्जी, सदस्य
२१. प्रमुख प्रशासकीय अधिकृत, श्री राधाकृष्ण खतिवडा, सदस्यसचिव
२२. वरिष्ठ कार्यक्रम अधिकृत, श्री हिमराज सेढाई, आमन्त्रित
२३. शिक्षा अधिकृत, श्री जानुका गुरागाँई, आमन्त्रित
२४. योजना अधिकृत (कृषि), श्री शालिकराम भट्टराई, आमन्त्रित,
२५. स्वास्थ्य संयोजक, श्री मुकुन्द बस्नेत, आमन्त्रित,
२६. ईन्जिनियर, श्री निरज अधिकारी, "
२७. प्रशासकीय अधिकृत, श्री डेनजनी आचार्य, "
२८. पशु विकास अधिकृत, श्री पदमलाल रहि, "
२९. लेखापाल, श्री बालकृष्ण नेपाल, "
३०. खरिदार, श्री सौजन कट्टवाल, "

निर्णय नं. १.

यस नगरपालिकाको प्रथम नगर सभाबाट मिति २०७४/०८/०३ गते स्वीकृत आ.व. ०७४/०७५ को बजेट, नीति तथा कार्यक्रम मिति २०७४/०९/२५ गते अर्जुनधारा-३ स्थित सुरवानी शहादत स्थलमा एक कार्यक्रम गरी सार्वजनिकिकरण गर्ने निर्णय गरियो।

निर्णय नं. २.

प्राथमिक स्वास्थ्य केन्द्र, शनिश्चरेको च.नं. ८१ मिति ०७४/०९/१६ को पत्राबाट सो स्वास्थ्य केन्द्रलाई २५ सैयाको अस्पतालमा स्तरवृद्धि गर्न सिफारिश माग गर्दै आएकामा सो केन्द्रको स्तरवृद्धिका लागि नेपाल सरकार, स्वास्थ्य मन्त्रालयलाई सिफारिश गर्ने निर्णय गरियो।

निर्णय नं. ३

अर्जुनधारा नगरपालिकाको नगरसभाबाट चालु आ.व. ०७४/०७५ को स्वीकृत बजेटमा विनियोजन भएको मेसिनरी उपकरण तथा नगरकार्यपालिका भवन तला थप गर्ने शीर्षकमा मेसिनरी उपकरण तर्फ ग्रेडर, रोलर, पानिटंकी तथा मोटर साइकल खरिद गर्न र भवन तथा सो सम्बन्धित कार्यका लागि बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

निर्णय नं. ४

यस कार्यालयमा रहेको मेसिनरी उपकरण ब्याकहो लोडर सञ्चालन सम्बन्धि विद्यमान दररेटलाई परीवर्तन गरी प्रतिघण्टा रु. १,५००/- (रु. एक हजार पाँच सय मात्र) शुल्क लिई मात्र उपलब्ध गराउने निर्णय गरियो। साथै, कुनै विशेष परिस्थिती आई निःशुल्क उपलब्ध गराउनु पर्ने भएमा कार्यपालिका बैठकको निर्णयानुसार मात्र उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ५.

यस कार्यालयको फोहोर मैला बोक्ने ट्रिपरबाट नगरपालिकाको निर्देशनमा पुरुवा लगायत ढुवानी गर्दा सो ट्रिपर चालकलाई प्रति ट्रिप रु. १००/- (रु. एक सय मात्र) उपलब्ध गराउने, साथै, श्रीमान नगरप्रमुखज्यूले प्रयोग गर्दै आउनु भएको मे. १. १२० का सवारी चालकले कार्यालय समय अतिरिक्त समेत कामकाज गर्नुपर्ने भएकाले दैनिक रु. २००/- (दुई सय मात्र) खाना खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ६.

यस कार्यालयको मेसिनरी उपकरण ब्याक हो लोडर सञ्चालनका लागि हाल: दैनिक ज्यालादरीमा श्री वेगेन्द्र सुब्बा कार्यरत रहनुभएकामा, निजलाई प्रचलित नियमानुसार न्यूनतम पारिश्रमिक दिई करार सेवामा लिई कामकाज लगाउने निर्णय गरियो। साथै, निजलाई प्रोत्साहन भत्ता स्वरुप सो उपकरण सञ्चालन हुँदा प्रतिघण्टा रु. १००/- (एक सयमात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७.

यस कार्यालयमा रहेका मेसिनरी उपकरणहरुको व्यवस्थित सञ्चालनका लागि एक कार्यविधि निर्माण गर्न तपशिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो:

① वडाध्यक्ष श्री गोपीचन्द्र गौतम - संयोजक
② वडाध्यक्ष श्री दुर्गाप्रसाद दाहाल - सदस्य
③ न.स.स. श्री रमेशकुमार दर्जी - सदस्य
④ लेखापाल श्री बालकृष्ण नेपाल - सदस्य
⑤ ईञ्जिनियर श्री निरज अधिकारी - सदस्यसचिव

निर्णय नं. ८

अर्जुनधारा नगरपालिकालाई खुला दिशा मुक्त बनाउने अभियान अन्तर्गत UN HABITAT र साविक शनिअर्जुन नगरपालिकाको सम्झौता अनुसार सो अभियानका लागि कार्यरत १ जना एरिया कोअर्डिनेटर २३ जना ट्रिगरर कार्यरत रहेकामा, सो सम्झौताको म्याद २०७४ कार्तिक मसान्तमा सकिएको तर अभियान अधुरो रहेकाले, निजहरुलाई तीन महिनाका लागि म्याद थपी कामकाज लगाउने निर्णय गरियो। साथै, खुला दिशामुक्त अभियानका लागि UN HABITAT सँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने रु. ६ लाख मात्र समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ९

अर्जुनधारा नगरपालिकाको शिक्षा सम्बन्धि ऐन, नियमावली पारित भइसकेको तर से शिक्षा सम्बन्धि नियमित कामकाज मै समस्या आएकाले हाल: एक नगर शिक्षा कार्यविधि, आगामी नगर कार्यपालिका बैठकमा छलफल गरी पारित गर्ने निर्णय गरियो सो नगर कार्यविधि बनाउनका लागि तपशिल बमोजिम एक समिति गठन गर्ने निर्णय गरियो:-

तपसिल :
① नगर उपप्रमुख श्री कमला खतिवडा आचार्य, संयोजक
② न. स. स., श्री दिलिप गुरुङ, सदस्य.
③ शिक्षा अधिकृत श्री जानुका गुराशाई, सदस्य सचिव.

निर्णय नं. १०.
यस नगरपालिकाको नगर सभाबाट चालु आ.व २०७४/०७५ को स्वीकृत योजनाहरु सञ्चालन गर्न उपभोक्ता समिति गठन गरी आगामी २०७४ चैत्र मसान्त सम्म योजना सम्झौता गरिसक्ने र सो उप्रान्त कुनै योजना सम्झौता नगर्ने निर्णय गरियो।

निर्णय नं. ११
यस नगरपालिकाको मुख्य कार्यालय आउने बाटो निर्माणका क्रममा बिचमा अर्जुनधारा- ८ निवासी श्री चन्द्रमणी ढकालको जग्गा पर्न गई बाटो निर्माणमा वाधा उत्पन्न हुँदा, तत्कालिन शनिअर्जुन नगरपालिका तथा सर्वदलिय सन्यत्रबाट भएको सम्झौता, प्रतिबद्धता अनुरुप, निज जग्गाधनीलाई क्षतिपूर्ती स्वरुप रु. १,५०,०००/- (रु. एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १२
यस नगरपालिकाको वडा नं. १,२,३ वलगायत बाटोको मापदण्ड कायम नभएकोमा स्थानमा तपसिल बमोजिम हुने गरी बाटोको मापदण्ड कायम गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।
→ भित्री सडक - २० फिट
→ शाखा सडक - ३० फिट
→ मूल सडक - ४० फिट

निर्णय नं. १३.
यस नगरपालिकाको विभिन्न वडाबाट कुखुरा, सुँगुर, बंगुरको अव्यवस्थित पालनबाट समस्या आएको भनी गुनासो आउने गरेकोमा त्यस्ता गुनासा समस्याहरुको दीर्घकालिन समाधान गर्न तपसिल बमोजिम एक समिति गठन गर्ने निर्णय गरियो।

नगर उपप्रमुख - श्री कमला खतिवडा आचार्य - संयोजक
न. स. स. - श्री दिलिप गुरुङ - सदस्य
न. स. स. - श्री दिलमाया दास - सदस्य
नगरपालिका कृषि विकास शाखा प्रमुख - सदस्य

क्रमश:

नगरपालिका पशु विकास शाखा प्रमुख - सदस्य
उद्योग वाणिज्य संघ, प्रतिनिधि - सदस्य
प्रहरी चौकी, प्रतिनिधि - सदस्य.

निर्णय नं.१४

नगरपालिकामा आउने विभिन्न वादविवाद, झै-झगडाहरु मध्ये सामान्य प्रकृतिका वादविवाद हरुको निरुपण गर्न सबै वडामा वडाध्यक्षहरुको रोहवरमा मेलमिलाप केन्द्र गठन गर्ने निर्णय गरियो।

निर्णय नं.१५.

शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, ईलामबाट अर्जुनधारा-११ मा सञ्चालन भएको सडक निर्माण तथा भवन निर्माण आयोजनालाई बहुवर्षिय आयोजनाका रुपमा सञ्चालन गर्न अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं.१६

अर्जुनधारा जेसिज, शनिश्चरेलाई नेपाल जेसिजको राष्ट्रिय अधिवेशनमा सहभागि हुन जान, माग भए बमोजिम रु.७०,०००/-(रु.सत्तरी हजार मात्र) उपलब्ध गराउने, उद्योग वाणिज्य संघ, अर्जुनधारालाई भवन मर्मतका लागि रु.५०,०००/-(रु. पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो। साथै, सुनसरीको इटहरीमा आयोजित बाह्रौं अन्तराष्ट्रिय खुला मैत्रीपूर्ण तेक्वान्दो प्रतियोगितामा सहभागी भएका खेलाडीहरुलाई रु.३०,०००/-(रु. तीस हजार मात्र) खर्च उपलब्ध गराउने र सो खेलमा पदक विजेता खेलाडीहरुलाई प्रोत्साहन स्वरुप रु.६०,०००/- दामासाहीले उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.१७.

अर्जुनधारा-२ स्थित गाँजाबारीमा रहेको झोलुङ्गे पुल जिर्ण भई तत्काल मर्मत गर्नुपर्ने देखिएकाले, सो पुलको प्राविधिक अनुगमन गरी लागत स्टमेट अनुसार हुन आउने रकम लागत साझेदारीमा मर्मत गर्न ~~रु.१ लाख~~ सम्पूरक कोषबाट रकम विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं.१८.

नगर कार्यपालिकाको शिक्षा शाखाबाट पेश भएको तालिम सञ्चालन तथा स्वास्थ्य शाखाबाट पेश भएको ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १९

शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयको योजना अनुसार अर्जुनधारा - ११ मा वहुउद्देश्यीय सामुदायिक भवन निर्माणको योजना स्वीकृत भएकामा, सो आयोजना सञ्चलानार्थ जग्गाजमिन उपलब्ध नभएमा सो योजना यस नगरपालिकाको अन्य वडामा सञ्चालन गर्न अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. २०.

अर्जुनधारा नगरपालिका वडा नं. ३ का वडाध्यक्ष श्री जीवकुमार भण्डारी ज्यूका पूजनीय पिता श्री रुपनारायण भण्डारीको मिति २०७४।०९।१५ मा देहवासन भएकाले दिवगंत आत्माको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनमा शोक समवेदना व्यक्त गर्ने निर्णय गरियो।

२८/०९/२०७४